झिमरुक गाउँपालिका

# झिमरुक राजपत्र

खण्ड:७ संख्याः ६ मितिः २०८१/०८/१८

भाग २

झिमरुक गाउँपालिका


## झिमरुक गाउँपालिकाको चिस्यान केन्द्र (Cold Storage) सञ्चालन कार्यविधि -२०८१

प्रस्तावनाः

यस झिमरुक गाउँपालिका प्यूठान जिल्ला तथा आसपासका जिल्लाहरुमा विभिन्न प्रकारका कृषि जन्य उत्पादनहरु चिस्यान केन्द्रको अभाव हुँदा पछिल्लो समयमा कुहिने बिग्रिने तथा भण्डार गर्न टाढा सम्म पुर्याउनु पर्ने बाध्यताका कारण कृषकहरुलाई निरन्तर रुपमा मार परिरहेको अवस्थामा हाल झिमरुक गाउँपालिकामा चिस्यान केन्द्र स्थापना तथा सञ्चालन वान्छनीय भएकाले यो कार्यविधि जारी गरिएको हो।

परिच्छेद १

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

क. यस कार्यविधिको नाम झिमरुक गाउँपालिकाको चिस्यान केन्द्र सञ्चालन कार्यविधि- २०८१ रहेको छ।

ख. यो कार्यविधि झिमरुक गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क. कृषि जन्य वस्तु भन्नाले कृषकहरुले उत्पादन गरेको पशु पन्छी जन्य उत्पादन बाहेक सम्पूर्ण लामो समय सम्म भण्डारण गर्न सकिने उत्पादन जस्तै आलु प्याज अदुवा बेसार तथा फलफुल लगायतका कृषि जन्य उत्पादन बुझ्नु पर्नेछ।

ख. कार्यक्रम भन्नाले नेपाल सरकार र झिमरुक गाउँपालिकाको संयुक्त लगानीमा निर्माण भएको झिमरुक गाउँपालिकाको चिस्यान केन्द्र (Cold Storage) संचालन कार्य सम्झनु पर्दछ।

ग. चिस्यान केन्द्र भन्नाले कृषि उपजको सुरक्षित भण्डारणको लागि चिस्यान सुविधा भएको एक वा धेरै च्याम्बर भएको एक तले संरचना कोल्ड स्टोर सम्झनु पर्दछ।

घ. समिति भन्नाले यस चिस्यान केन्द्रको संचालनको निम्ति झिमरुक गाउँपालिका द्धारा गठित चिस्यान केन्द्र व्यवस्थापन समितिलाई सम्झनु पर्दछ।

३. उद्देश्यः यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ।

क. कृषि उपजहरुको उत्पादन उपरान्तको क्षति न्यूनीकरण गर्ने

ख. कृषि उपजको गुणस्तर प्रवर्धन र मूल्य अभिवृद्धि सहित बजारको माग अनुसार आवश्यक परिमाणमा उपलब्ध गराउने

ग. कृषि उपजको बजारीकरणलाई सहज बनाउने

घ. यस क्षेत्रका कृषकहरुलाई आफ्नै क्षेत्रमा भण्डारणको सुविधा प्रदान गरि कृषि उत्पादन तर्फ आकर्षित गराउने

परिच्छेद २

कार्यक्रम सञ्चालन

४. कोल्ड स्टोरको क्षमताः यस चिस्यान केन्द्रको २ च्याम्बर क्रमशः १५० मे.टन. १०० मे.टन. गरि कुल क्षमता २५० मे.टन. रहेको छ।

५. चिस्यान केन्द्र संचालनः यस चिस्यान केन्द्र संचालनको लागि झिमरुक गाउँपालिका क्षेत्रभित्रका कृषि सहकारी कृषक समूह तथा निजी क्षेत्रमध्ये बाट कुनै एक निकायलाई जिम्मेवारी दिईनेछ। चिस्यान केन्द्र संचालन तथा व्यवस्थापन गर्ने जिम्मेवार निकायको छनौट तथा चिस्यान केन्द्र सम्बन्धी अन्य अनुगमन तथा नियमनको लागि देहाय बमोजिमको ६ सदस्यीय चिस्यान केन्द्र व्यवस्थापन समिति गठन गरिनेछ।

| | |
|---|---|
| झिमरुक गाउँपालिकाका अध्यक्ष | संयोजक |
| झिमरुक गाउँपालिकाका उपाध्यक्ष | सदस्य |
| सम्बन्धित वडाका वडाध्यक्ष | सदस्य |
| कृषि सहकारी संस्थाको प्रतिनिधि | सदस्य |
| कृषक समूहको प्रतिनिधि | सदस्य |
| कृषि शाखा प्रमुख | सदस्य सचिव |

६. चिस्यान केन्द्रमा लाग्ने शुल्कः कृषि जन्य उत्पादनहरु चिस्यान केन्द्रमा राखे वापत कृषकहरुले प्रति सिजन प्रति के जी रु. ५ का दरले सेवा शुल्क रकम तिर्नु पर्नेछ।

७. नाफा बाँडफाँडः चिस्यान केन्द्र संचालन पश्चात प्राप्त कुल आम्दानीबाट लागत कटाई बाँकी रकमको ५० प्रतिशत संचालन गर्ने निकाय र ५० प्रतिशत झिमरुक गाउँपालिकालाई हुने गरि रकम बाँडफाँड गर्ने गरि सम्झौता गरिने छ।

८. जिम्मेवारी तथा क्षतिपूर्तिको व्यवस्थाः चिस्यान केन्द्रमा कृषि जन्य बस्तु भण्डारण गरे पछि कृषकले फिर्ता नलिएसम्म कृषिजन्य वस्तुको जिम्मेवारी चिस्यान केन्द्र सञ्चालकको हुनेछ। कुनै कारणवस माल वस्तु क्षति हुन गएमा सञ्चालकले प्रचलित कानुन बमोजिम क्षतिपूर्ति दिनु पर्नेछ। चिस्यान केन्द्र संचालकले चिस्यान केन्द्रमा भण्डारण गरिएका माल वस्तुको बिमा गर्ने व्यवस्था मिलाउन सक्ने छ।

## परिच्छेद ३

## छनौट प्रकृया

९.सूचना प्रकाशनः यस चिस्यान केन्द्र संचालनको लागि झिमरुक गाउँपालिका क्षेत्र भित्रका कृषि सहकारी कृषक समूह तथा निजी क्षेत्रलाई कार्य योजना सहित प्रस्तावना पेश गर्न १५ दिनको अनुसूची १ बमोजिम सूचना प्रकाशन गरिने छ।

१०.छनौटः प्रस्तावना पेश गरेका कृषि सहकारी , कृषक समूह तथा निजि क्षेत्रहरु मध्ये कुनै एक संस्थालाई निजले पेश गरेको प्रस्तावनाको मुल्याङ्कनको आधारमा चिस्यान केन्द्र संचालक समितिबाट छनौट गरी चिस्यान केन्द्र संचालन तथा व्यवस्थापन गर्ने जिम्मा दिइने छ ।

११. कार्यक्रम सम्झौताः छनौट भएको समूह ,सहकारी वा निजि क्षेत्र र झिमरुक गाउँपालिका बिच अनुसूची २ बमोजिम ७ दिन भित्र सम्झौता गरिने छ ।

१२. सम्झौता कार्यान्वयनः सम्झौता पश्चात चिस्यान केन्द्र संचालन गर्ने निकायले सम्झौतामा उल्लेखित शर्त तथा मापदण्डहरु पुरा गरि चिस्यान केन्द्र संचालन गर्नुपर्नेछ ।

## परिच्छेद ४

## विविध

१३) प्रचलित कानून बमोजिम हुनेः यस कार्यविधिमा व्यवस्था भएका विषयहरु यसै कार्यविधि र उल्लेख नभएका विषयहरु प्रचलित कानून बमोजिम हुनेछ।

१४) बाधा अड्काउ फुकाउनः यस कार्यबिधिको व्याख्यामा दुविधा उत्पन्न भएमा झिमरुक गाउँपालिकाको कार्यपालिकाले आवश्यक निर्णय लिई बाधा अड्काउ फुकाउ गर्नेछ ।

१५) कारबाहीको व्यवस्था चिस्यान केन्द्र संचालनको जिम्मेवारी पाएको निकायले कुनै किसिमको लापरबाही गरेको पाइएमा प्रचलित कानुन बमोजिम कारबाही हुनेछ।

संशोधन :यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्चन आई परेमा झिमरुक गाउँपालिका कार्यपालिका बैठक बाट संशोधन गर्न सकिने छ ।

अनुसूची १

परिच्छेद ३ को दफा ९ सँग सम्वन्धित

सूचना प्रकाशनको ढाँचा

प्रथम पटक सूचना प्रकाशित मितिः

झिमरुक गाउँपालिका वडा न ५ मा झिमरुक गाउँपालिका नेपाल सरकारको संयुक्त लगानीमा निर्माण भएको चिस्यान केन्द संचालन सञ्चालन गर्नु पर्ने भएकोले ईच्छुक सहकारी संस्था तथा कृषक समूहहरुले सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र आवश्यक कागजातहरु सहित निवेदन पेस गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

(क) **आवश्यक कागजातहरु**

१.निवेदन
२.झिमरुक गाउँपालिकामा दर्ता तथा नविकरण भएको प्रमाण पत्रको प्रतिलिपि ।
३.गत आर्थिक बर्षको करचुक्ता प्रमाण पत्रको प्रतिलिपि ।
४.स्थायी लेखा नं.(पान) दर्ता प्रमाण पत्रको प्रतिलिपि ।
५.अध्यक्ष/संचालकको नागरिकता प्रमाण पत्रको प्रतिलिपि ।

## अनुसूची २

### परिच्छेद ३ को दफा ११ सँग सम्वन्धित

### सम्झौता पत्र

झिमरुक गाउँपालिका प्रथम पक्ष भनिने र ............................. संकलन केन्द्र दोस्रो पक्ष भनिने .............................सहकारी/ कृषि समूह/ निजी कम्पनीबीच सम्झौतामा हस्ताक्षर गरि एक /एक प्रति लियौं/दियौं।

१. दोस्रो पक्षले कृषकले चिस्यान केन्द्रमा राख्नका लागि ल्याएको कृषि उपजको परिमाण एकिन गरी रसिद उपलब्ध गराउनु पर्नेछ ।

२. चिस्यान केन्द्रमा कृषि उपजहरु राखे बापत प्रति सिजन प्रति किलो रु ५ का दरले कृषकबाट रकम लिनु पर्नेछ ।

३. उत्पादन क्षेत्र देखि चिस्यान केन्द्र सम्म सम्बन्धित कृषकले कृषि उपजको ढुवानी गर्नु पर्नेछ ।

४. चिस्यान केन्द्रमा कृषि जन्य बस्तु भण्डारण गरे पछि कृषकले फिर्ता नलिएसम्म कृषिजन्य वस्तुको जिम्मेवारी चिस्यान केन्द्र सञ्चालकको हुनेछ। कुनै कारणवस माल वस्तु क्षति हुन गएमा सञ्चालकले प्रचलित कानुन बमोजिम क्षतिपूर्ति दिनु पर्नेछ।

५. चिस्यान केन्द्र संचालन पश्चात प्राप्त कुल आम्दानीबाट लागत कटाई बाँकी रकमको ५० प्रतिशत संचालन गर्ने निकाय र ५० प्रतिशत झिमरुक गाउँपालिकालाई हुने गरि रकम बाँडफाँड गर्ने गरिनेछ।

६. अन्य विषय त्रिपक्षिय आपसी सहमति र समझदारीमा हुने छ ।

| प्रथम पक्षको तर्फबाट | दोस्रो पक्षको तर्फबाट |
|---|---|
| नामथर :- | नामथर :- |
| पद :- | स्थायी ठेगाना |
| हस्ताक्षर :- | हस्ताक्षर :- |
| मिति :- | मिति :- |
| कार्यालयको छाप :- | संस्था/समूहको छाप :- |

साक्षी

१.
२.

ईति सम्वत्............ साल........महिनाको .........गते .......रोज शुभम्

झिमरुक गाउँ कार्यपालिकाको बैठकबाट मिति २०८१/०८/१२ गते पारित "झिमरुक गाउँपालिकाको चिस्यान केन्द्र सञ्चालन कार्यविधि-२०८१" झिमरुक गाउँ कार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण (कार्यविधि) नियमावली, २०७४ को नियम ३ को उपनियम ४ बमोजिम प्रमाणीकरण गर्दछु।

कृष्ण बहादुर थापा
प्रमुख प्रशासकीय अधिकृत